# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आज वैशाख ११, अर्थात् नेपाली जनताको लामो संघर्ष र बलिदानको फलस्वरूप लोकतन्त्र स्थापना भएको दिन। १८ औं 'लोकतन्त्र दिवस' को यस उपलक्ष्यमा यो व्यवस्था प्राप्त गर्नका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान् शहीदहरुप्रति सम्मान गर्दै भावपूर्ण भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, जीवनलाई लोकतान्त्रिक मूल्य, मान्यता, आदर्श र सिद्धान्तप्रति समर्पित सम्पूर्ण लोकतान्त्रिक योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

वि.सं.२०६२/०६३ सालको जनआन्दोलन सफल भई नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक र गौरवमय दिनका रुपमा हामी यो दिवस मनाउँने गर्दछौं। अहिले हामीले उपयोग गरिरहेको स्वतन्त्रताको अधिकार विगतका विभिन्न कालखण्डमा नेपाली सपुतहरुको संघर्ष तथा बलिदानको प्रतिफल हो । सार्वभौमसत्ता जनतामा निहित रही जननिर्वाचित प्रतिनिधिबाट शासन सञ्चालन हुने सुन्दर प्रणालीका रुपमा यो लोकतान्त्रिक शासन व्यवस्था रहेको छ। यसमा अझ लोकतान्त्रिक आचरण, विश्वास र भरोसा जगाई लोकतन्त्रलाई सार्थकता प्रदान गर्न सबै पक्ष दृढताका साथ सदैव क्रियाशील रहनुपर्दछ। आस्थाको छानो, विश्वासको पर्खाल र भरोसाको स्तम्भहरुमा खडा भएको यो लोकतान्त्रिक परिपाटीको रक्षा, विकास र संविधानले परिकल्पना गरेको समाजवादसम्म पुग्न हामी सबैलाई आजको दिनले प्रेरित गर्न सकोस् भन्ने पुनः एक पटक शुभकामना व्यक्त गर्दछु।

२०८१ साल वैशाख ११ गते, मंगलबार

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख